आज मिति २०८०।०४।१४ गते आइतबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.व. २०८०/०८१ को दोश्रो बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

क.स.	नाम थर	पद	सम्पर्क मो. नं.	दस्तखत
१	श्री कालुमान लामा	नगर प्रमुख	९८५२८३५१६६	
२	श्री मणिका देवि दुलाल	नगर उपप्रमुख	९८५२८३५५२८	
३	~~श्री चित्र प्रसाद गुरागाँई~~ श्री रामेश्वर कुँवर	~~प्रमुख प्रशासकीय अधिकृत~~ प्रशासकीय अधिकृत	~~९८५२८४४०४७~~ ९८४३०८४६६२	
४	श्री सिताराम राई	अध्यक्ष वडा नं. १	९८५१२०८३१३	
५	श्री हरि बहादुर खड्का	अध्यक्ष वडा नं. २	९८४२९२७५४७	
६	श्री पर्शुराम राई	अध्यक्ष वडा नं. ३	९८१४७३४८५५	
७	श्री लुङ्गाराज राई	अध्यक्ष वडा नं. ४	९८१०५७९२२९	
८	श्री तुलसिराम ढकाल	अध्यक्ष वडा नं. ५	९८४१५१८५८० ९८५२८४४००८	
९	श्री अम्बर बहादुर खड्का	अध्यक्ष वडा नं. ६	९८०६१५५८७७९	
१०	श्री केशव अधिकारी	अध्यक्ष वडा नं. ७	९८६२८४४६६६	
११	श्री भगनाथ कुमार मगर	अध्यक्ष वडा नं. ८	९८४०९२८६०७	
१२	श्री प्रकाश राउत	अध्यक्ष वडा नं. ९	९८५२८३५२०८	
१३	श्री धर्मेन्द्र कुमार खडका	अध्यक्ष वडा नं. १०	९८१६७०७०५१ ९८६३८२८०४९	
१४	श्री उदयराज भुजेल	नगर कार्यपालिका सदस्य	९८४२८३१८९२	
१५	श्री जय कुमार राई	नगर कार्यपालिका सदस्य	९८१५७१४७१५	
१६	श्री माधव सार्की	नगर कार्यपालिका सदस्य	९८२६७००३२८	
१७	श्री तिलावती राई	नगर कार्यपालिका सदस्य	९८४३४६६२७५	
१८	श्री सुस्मा राई	नगर कार्यपालिका सदस्य	९८६२९१८६९९	
१९	श्री स्मृति तोलाङ्गी सुयल	नगर कार्यपालिका सदस्य	९८०५९९७७३३	
२०	श्री जानकी देवी चौधरी	नगर कार्यपालिका सदस्य	९८१५७००९०३	
२१	श्री शान्ति देवी चौधरी	नगर कार्यपालिका सदस्य	९८१९९१००३८	

आमन्त्रीत उपस्थिति :-

१. श्री सत्यनारायण हुजदार - सूचना अधिकारी - ९८५२८४४०७३

प्रस्तावहरु :-

१. अधिल्ला कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. रिटर्नी स्वयम सेवक नियुक्ति सम्बन्धमा ।
३. खेल प्रशिक्षकहरुको करार म्याद थप सम्बन्धमा ।
४. साविक बेल्टार गा.वि.स.खानेपानीको माग सम्बन्धमा ।
५. उदयपुर जिल्ला अदालतको माग सम्बन्धमा ।
६. नदिजन्य पदार्थ (ढुंगा, गिट्टि, बालुवा) को IEE गर्ने सम्बन्धमा ।
७. प्रदेश लोक सेवा आयोगमा मागाकृति फारम भरी पठाउने सम्बन्धमा ।
८. आर्थिक सहयोग सम्बन्धमा ।

छलफल तथा निर्णयहरु :-

निर्णय नं. १

प्रस्ताव नं. १ माथी छलफल गर्दा यस नगरपालिकाको नगर कार्यपालिकाको अधिल्ला बैठकबाट भएका निर्णयहरु सन्तोष जनक रुपमा कार्यान्वयन भएको पाईयो साथै नगर पालिकाको निर्णय बमोजिम कार्यान्वयनको क्रममा रहेका निर्णयहरुलाई प्रभावकारी ढंगबाट अपेक्षित उपलब्धी प्राप्त हुने गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथी छलफल गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस नगरपालिकामा सञ्चालित सुरक्षित आप्रवासन परियोजना (सामी) अन्तर्गत समुदाय स्तरमा सेवा प्रवाहको लागि रिटर्नी स्वयम सेवक परिचालन गरिदै आएको जस्मा नेपाल सरकार शसर्त बजेटबाट ३ जना र नगरपालिकाको श्रोतबाट ३ जनालाई तलब खुवाउने गरी जम्मा ६ जना रिटर्नी स्वयम सेवक सेवा करारमा राखीएकोमा गत आर्थिक वर्ष देखि नै उक्त पदमा कर्मचारी रिक्त रहेको हुँदा यस नगरपालिकाको सामी शाखाको समन्वयमा नगरपालिकाको श्रोतलाई समेत मध्येनजर गर्दै यथाशीघ्र रिटर्नी स्वयम सेवक सेवा करामा नियुक्ति गर्न आवश्क प्रक्रिया अगाडी बढाउने सर्वसम्त निर्णय पारित गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस नगरपालिकाले खेलकुद क्षेत्रको विकास एवं खेलकुदलाई व्यवसायीक बनाउदै लाने उद्देश्यले गत आर्थिक वर्ष देखि नै सेवा करारमा विविभन्न विधाका खेल प्रशिक्षकहरु राखी वडा तथा वस्ति स्तरमा खेलकुद तालिमहरु सञ्चालन गर्दै आएकोले चालु आर्थिक वर्षमा समेत खेल प्रशिक्षको रुपमा करार सेवालाई निरन्तरता गरिपाँउ भनि खेल प्रशिक्षकहरुबाट निवदेन प्राप्त भएको र नगर खेलकुद विकास समितिबाट समेत सिफारिस समेत भई आएको हुँदा तपसिल अनुसारका खेल प्रशिक्षकहरुको मिति २०८० साल साउन १ गते देखि लागू हुने गरी चालु आर्थिक वर्षको लागि करार सम्झौता गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

१. श्री रन्जना राई - चौदण्डीगढी नगरपालिका वडा नं. ७ - ह्याण्डबल प्रशिक्षक ।
२. श्री जस बहादुर राई - चौदण्डीगढी नगरपालिका वडा नं. ७ - फुटबल प्रशिक्षक ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस नगरपालिकाको वडा नं. १,२,८,७ र ६ मा शुद्ध खानेपानीको रुपमा रहेको साविक बेल्टार गा.वि.स. खानेपानीको पाइपलाईन जिर्णभई धारामा पानी आउन छोडेकोले उक्त पानीका उपभोक्तहरु मर्कामा परेकोले उक्त खानेपानीको पाइपलाई तत्काल फेर्ने व्यवस्था मिलाई पाऊ भनि उपभोक्ता समिति र पानीका उपभोक्ताहरुबाट लिखित रुपमा निवेदन समेत प्राप्त भएको उक्त खानेपानीको स्थलगत अवलोकन गर्दा तत्काल पाईप फेर्नु पर्ने आवस्था देखिएकोले ४५, ७५, ९० र १२० सम्मको विभिन्न साईजको १० किलोमिटर पोलेथिन पाईप जिल्ला खानेपानी तथा सरसफाई कार्यालय उदयपुरसँग माग गर्ने साथै नगर क्षेत्रका अन्य विभिन्न खानेपानी योजनाहरुको मर्मत तथा पुरानो पाईपलाईन फेर्ने कार्यको लागि विभिन्न निकायहरुसँग पाईप लगाएतका सामग्रीहरु माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथी छलफल गर्दा उदयपुर जिल्ला अदालत गाईघाट उदयपुरबाट कार्यालय प्रयोजनको लागि ४ थान व्याट्री र १ थान इन्भटर माग भई आएको हुँदा यस नगरपालिकाको कार्यक्रम खर्चमा विनियोति रकमबाट उक्त कार्यालयको लागि २ थान व्याट्री र १ थान इन्भटर खरिदको लागि रु.१००,०००।- रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र रहेका खोला तथा नदीहरुबाट चालु आर्थिक वर्ष २०८०।०८१ मा नदीजन्य पदार्थ ढुंगा,गिट्टी,वालुवा उत्खनन् गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नु पर्ने भएकोले नगरपालिकाको नेतृत्वमा सम्बन्धित वडाका जनप्रतिनिधि, राजनितिक दलका प्रतिनिधि, टोल विकास संस्था, सामुदायीक वन, सव-डिभिजन वन कार्यालय काप्रतिनिधी, सुरक्षा निकायका प्रतिनिधी र स्थानीय उपभोक्ता समेतको उपस्थितिमा स्थलगत अनुगमन गर्ने र उपयुक्त तथा सम्भाव्य स्थानहरुमा मात्र नदीजन्य पदार्थ उत्खनन् गर्ने गरी तपसिलमा उल्लेखित सम्भावित खोलाहरुमा (IEE) गर्ने प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :

सि.न.	नदीनाला तथा खोलाको नाम	वडा नं	नदीजन्य पदार्थ	कैफियत
१	छाँगे खोला	१	ढुंगा	
२	चप्लेटी/माडीवास खोला	१ र २	ढुंगा,गिट्टी	
३.	लामाखोला	२ र ४	ढुंगा,गिट्टी	
४.	कालीखोला	३ र ४	ढुंगा,गिट्टी	
५.	अप्राहाखोला र खारखोला	८	ढुंगा,गिट्टी	
६.	द्वारखोला	५,६,७,८ र ९	ढुंगा,गिट्टी	
७.	त्रियुगाखोला	५,९ र १०	वालुवा	
८.	शिवाई खोला	५ र ९	वालुवा	
९.	ज्यामिरे द्वारखोला	९	गिट्टी	
१०.	छिडी खोला	९	वालुवा	
११.	भरौलीखोला	९	ढुंगा,गिट्टी	
१२.	देवधार खोला	१०	ढुंगा,गिट्टी	
१३.	घोमुर्ना खोला	१०	वालुवा	
१४.	खैराखोला	१०	ढुंगा,गिट्टी	
१५.	वडेरुवाखोला	५	ढुंगा,गिट्टी	
१६.	करम्जे खोला	३ र ४	गिट्टी	
१७	सुक्खा सुन्दरी खोला	३ र ४	ढुंगा,गिट्टी	
१८	लाटी खोला	२ र ७	ढुंगा,गिट्टी	
१९	घेरखोला	५	वालुवा	
२०	हडिया/मुसरनीया खोला	९	वालुवा,गिट्टी	

स्थलगत अनुगमनका क्रममा पहिचान भई यकिन हुने अन्य सम्भावित क्षेत्रहरु थपगर्न सकिने छ ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथी छलफल गर्दा प्रदेश लोक सेवा आयोग कोशी प्रदेश बिराटनगरको प.सं. २०८०/०८१ च.नं. ११ मिति २०८०।०४।०३ गतेको प्राप्त पत्र बमोजिम यस कार्यालयमा रिक्त रहेका पदहरुमा पदपूर्तिको लागि तपसिल अनुसारको मागाकृति फारम भरी प्रदेश लोक सेवा आयोगमा पठाउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

आनुसूची-१

नियम ३ को उपनियम (१) सँग सम्बन्धित

रिक्त पदपुर्तिको लागि माग गर्दा भर्नुपर्ने फाराम

माग गर्ने कार्यालयको नाम र ठेगानाः चौदण्डीगढी नगरपालिका, बेल्टार उदयपुर ।

१	२	३	४	५	६		७	८				९	१०
क्र. स.	माग पदको नाम	पद, श्रेणी र तह	सेवा/ समूह /उप समूह	स्थायी/ अस्थायी	आवश्यकता न्युनतम शैक्षिक योग्यता		संक्षिप्त कार्य विवरण र उम्मेद्वारले शुरुमा काम गर्नु पर्ने जिल्ला	अघिल्लो दुई आ. ब. मा माग भई पुर्ति हुन बाँकी पदसंख्या		यस आ. ब. को माग नयाँ पद सृजना वा रिक्त भई माग गरिएको संख्या		कुल माग पद संख्या	कैफियत
					खुलाको लागि	बढुवा को लागि		आ. ब. ०७६/०७७	आ. ब. ०७७/७८	नयाँ पद सृजना	रिक्त		
१	पशु चिकित्सक	सातौं/ आठौं	नेपाल कृषी लाईभस्टक	स्थायी	बि. भि. एस. सि एनिमल साईन्स		चौ. न. पा, बेल्टार, उदयपुर	१	१		१	१	
२	कृषी अधिकृत	सातौं/ आठौं	नेपाल कृषी	स्थायी	वि. ए. सी. ए. जि		चौ. न. पा, बेल्टार, उदयपुर	१	१		१	१	

३	अधिकृत स्तर सातौं	सातौं/ आठौं	सा. प्र.	स्थायी	स्नातक तह		चौ. न. पा, बेल्टार, उदयपुर	१	१		१	१	
४	इन्जिनियर	छैटौं/सातौं/ आठौं	इन्जिनियर/सिभिल/ वि.ए.आ.	स्थायी			चौ. न. पा, बेल्टार, उदयपुर	१	१		१	१	
५	सहायक स्तर पाचौं	पाचौं	प्रशासन	स्थायी	प्रमाण पत्र तह		चौ. न. पा, बेल्टार, उदयपुर				२	२	
६	प्राविधिक सहायक	पाचौं	नेपाल कृषी	स्थायी	आई. एसी. एजी.		चौ. न. पा, बेल्टार, उदयपुर	१	१		१	१	
७	नायब प्राविधिक सहायक	चौथो	नेपाल कृषी	स्थायी	जे.टि.ए.		चौ. न. पा, बेल्टार, उदयपुर	३	३		३	३	३ जना करार भर्ना
८	सर्भेक्षक	पाचौं	इन्जी/ सर्भे	स्थायी			चौ. न. पा, बेल्टार, उदयपुर	१	१		१	१	
९	सहायक स्तर चौथो	चौथो	सा. प्र.	स्थायी			चौ. न. पा, बेल्टार, उदयपुर				१	१	

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाले नेपाल सरकारले तोकेका ८ प्रकारका दीर्घरोघहरु बाहेकका रोग लागेका विपन्न नागरिकहरुको लागि समेत स्वास्थ्य उपचार खर्च उपलब्ध गराउदै आएको साथै ६० वर्ष भन्दा माथिका नागरिकहरुको मृत्यु हुँदा मृतकका आफन्तलाई काज किरिया खर्च वापत रु. १०,०००।- रकम उपलब्ध गराउदै आएकोमा उक्त प्रकारको आर्थिक सहयोगलाई व्यवस्थित र वास्तविक लक्षित समुहमा पुऱ्याउनको लागि अब उप्रान्त गरिब परिचयपत्र प्राप्त गरेका व्यक्तिहरुलाई मात्र त्यस्तो सुविधा उपलब्ध गराउने र वडाबाट सिफारिस गर्दा गरिब परिचयपत्रको फोटोकपी अनिर्वा रुपमा संलग्न गरेरमात्र सिफारिस गरी पठाउने र अपवादको रुपमा परिचयपत्र लिन छुटेका विपन्न नागरिकलाई सुविधा दिनु पर्ने अवस्था भएमा वडाले स्थलगत सर्जमिन मुचुल्का गरी सिफारिस गर्ने साथै नेपाल सरकारले तोकेका विशेष रोगको हकमा सरकारले दिने छुटको लागि पूर्ववत रुपमा सिफारिस उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।